# विजयनगर गाँउपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम, आ.व.२०८२/८३

प्रतिवेदन पेश गरिएको निकाय

विजयनगर गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

खुरहुरीया, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल


प्रतिवेदक

दिपा महत, उपाध्यक्ष

नेपाल पत्रकार महासंघ

कपिलवस्तु शाखा

# प्रतिवेदन

परिचय :

स्थानीय निकाय अथवा सेवाप्रदायक र नागरिकहरुका बीचमा दोहोरो संबाद स्थापित गरी त्यस्तो संवादबाट जनतालाई राष्ट्रको विकास प्रकृयामा रचनात्मक प्रतिनिधित्व गराउदैं पारदर्शी माध्यमद्धारा स्थानीय तहको विकास निर्माण कार्य, सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार, कर्तब्यनिष्ठ तथा जवाफदेहीताको संस्कार बसाल्नको लागि सार्वजनिक सुनुवाई अत्यन्तै महत्वपूर्ण हुन जान्छ ।

जिल्ला वा निश्चित स्थान भित्र भएका विकास निर्माणका कार्यहरु र सेवाप्रवाहलाई प्रभावकारी बनाउन तथा सेवाप्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एवम् सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिकको जिम्मेवारी प्रति जिम्मेवार हुने माध्यम दिने सामाजिक जवाफदेहीताको एक संयन्त्र पनि हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवाप्रदायक र सेवाग्राहीबीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारदर्शी तरिकाले बलियो बनाउने मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सु:सासनका मुख्य तत्वहरु पारदर्शीता र जवाफदेहीता प्रबर्द्धन गर्ने जस्ता मूलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै परिपेक्षमा कपिलवस्तु जिल्लाको विजयनगर गाँउपालिकाले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारीता र सेवाको विद्यमान अवस्थालाई जनतामाझ जानकारी गराउन विजयनगर गाँउपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

**महत्व :**

वास्तवमा स्थानिय तहबाट संचालित विकास निर्माण कार्यक्रम, उपलब्ध सेवा सुबिधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहणगर्न, हकवालाहरुमा जान्न पाउने हकको सुनिश्चत गर्दै त्यस माथिको पहुच बढाई उनिहरुको शशक्तीकरण गर्नु, स्थानीय निकायहरुलाई जनताप्रति उत्तरदायी र जनमूखि गराउन, भ्रष्टचार न्यूनिकरण गर्न, विकास निर्माणका कार्यमा जनसहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत तथा सामाजिक पुंजी विकास गर्नका लागि सार्वजनिक सुनुवाईको महत्व बढी देखिन्छ ।

नेपाल पत्रकार महासंघ
स्था: २०६०
कपिलवस्तु शाखा

**उद्देश्य** : स्थानीय तह खासगरी विजयनगर गाँउपालिकाबाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन् ।

क) विजयनगर गाँउपालिकाको कार्यालयबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरीय र सर्वपहुँच बनाई सेवाग्राहीको सन्तुष्टी बृद्धि गर्न ।

ख) विजयनगर गाँउपालिकाबाट हुने सेवाहरुबारे सरोकारवाला नागरिकलाई सचेतना अभिबृद्धि गर्न ।

ग) विजयनगर गाँउपालिकाको क्रियाकलापहरुबारे सरोकारवाला नागरिकहरु प्रति जवाफदेहिता अभिबृद्धि गर्न

घ) विजयनगर गाँउपालिका कार्यालयबाट प्रवाहहुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्न ।

ङ) सेवाग्राहीलाई आफ्नो हक र अधिकार प्रति सजक तथा जिम्मेवार बनाउन

च) सेवाप्रदायक निकाय र सेवाग्राहीबीचको तनावलाई न्यूनिकरण गर्दै दुरी कम गर्न ।

**कार्य विवरण :**

- कार्यक्रम संचालन एवम ब्यवस्थापनका लागि सम्बन्धित निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नागरिकसमाज तथा स्थानीय नागरिकसंग समन्वय गरिएको
- नेपाल सरकारले जारी गरेको स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसारका ढाँचामा सुचना संकलन नागरिक समाज पक्षबाट गरिएको
- पूर्व तयारी बैठकका लागि नागरिक प्रतिवेदन पत्र (Citizen Report Card and exit poll) तयार गरिएको
- पूर्व तयारी बैठक सम्बन्धित निकायसंग गरिएको
- सरोकारवालाई पत्रचार सम्बन्धित कार्यालयबाट गरिएको
- सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित निकाय, गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रसासकिय अधिकृत, वडा अध्यक्ष, सरोकारवाला निकायहरु, संचारकर्मी, समाजसेवी, बुद्धिजिवी, ब्यवसायी तथा स्थानीय सरोकारवाला नागरिकको सकृय सहभागितामा संचालन गरिएको

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा स्था. २०६०

# कार्यक्रमको परिचय

कार्यक्रमको नाम : विजयनगर गाँउपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम, आ.व. २०८२/८३
कार्यकम सञ्चालन मिति : २०८२ पौष १७ गते बिहिबार
स्थान : विजयनगर गाँउपालिका, ६ खडैचा कपिलवस्तु
सहभागी संख्या : १३० जना
आयोजक : नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा
समन्वयः विजयनगर गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

उपस्थित व्यक्ति/संस्थाहरु : विजयनगर गाँउपालिका अध्यक्ष श्री गोपाल थापा मगर, प्रमुख प्रसासकीय अधिकृत श्री हिमलाल विश्वकर्मा, नेपाल पत्रकार महासंघका शाखा अध्यक्ष श्री डिलाराम भुसाल विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, विभिन्न विषयगत शाखाका प्रमुख, राजनैतिक दलका प्रतिनिधी, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधी, विद्यार्थी, युवा क्लवका प्रतिनिधी, स्थानीय अगुवा, नागरिक समाजका प्रतिनिधी, स्थानीय एवम् सञ्चारकर्मीहरु ।

- कार्यकममा प्रमुख प्रशासकीय हिमलाल विश्वकर्माले चालुआर्थिक वर्षको ६ महिनाको प्रगति प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो । प्रगती निम्नानुसार रहेको थियो ।

## कार्यक्रमको विवरण

कार्यक्रमको अध्यक्षताः डिलाराम भुसाल अध्यक्ष नेपाल पत्रकार महासंघ

प्रमुख अतिथीः गोपाल थापा महत, अध्यक्ष विजयनगर गाँउपालिका

विशिष्ट अतिथीः हिमलाल विश्वकर्मा, प्रमुख प्रसासकीय अधिकृत, विजयनगर गाँउपालिका

कार्यक्रम संचालनः सनिउल्ला धोबी सचिव नेपाल पत्रकार महासंघ

नागरिक प्रतिवेदन प्रस्तुती : दिपा महत, उपाध्यक्ष नेपाल पत्रकार महासंघ

स्वागत मन्तब्यः दिपा महत, उपाध्यक्ष नेपाल पत्रकार

बर्हिरगमन प्रतिबेदन प्रस्तुतः रामप्रकट कोरी, सदस्य नेपाल पत्रकार महासंघ

कार्यक्रम संचालन प्रकृया : स्थानीय जनता, संचारकर्मी तथा जवाफदेही समुह गरी जम्मा तीन भागमा विभाजित भई कार्यक्रम संचालन गरिएको

कार्यक्रम आयोजना स्थल : विजयनगर गाँउपालिका ६ खडैचा, कपिलवस्तु

कार्यक्रम आयोजना गरिएको मिति र समयः पौष १७ गते २०८२ (बिहान ११:३० बजेदेखि ३:३० बजेसम्म )

कार्यक्रम संचालन गरिएको समय अवधिः ४ घण्टा

जम्मा सहभागी १३०

## ❖ कार्यक्रम प्रतिवेदन

कपिलवस्तु जिल्लाको विजयनगर गाँउपालिका वडा नम्बर ६ को सभाहल खडैचामा यही मिति २०८२ पौष १७ गते बिहिबार आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । नेपाल पत्रकार महासंघ कपिलवस्तुको आयोजना र विजयनगर गाँउपालिकाको समन्वयमा सार्वजनिक सुनुवाई सम्पन्न भएको थियो । गाँउपालिकाका अध्यक्ष गोपाल थापा मगरको प्रमुख आतिथ्यता, नेपाल पत्रकार महासंघका अध्यक्ष डिलाराम भुसालको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाईमा प्रमुख प्रसासकीय अधिकृत हिमलाल विश्वकर्माले गाँउपालिकाको चालु आर्थिक वर्षको ६ महिनाको प्रगती प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विभिन्न वडाका वडा अध्यक्ष, विभिन्न विषयगत शाखाका प्रमुख, कार्यपालिका सदस्य, स्थानीय नागरिक, संचारकर्मी, सुरक्षाकर्मी लगाएको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथी, विशिष्ट अतिथी, वडा अध्यक्ष तथा विषयगत शाखा प्रमुख जवाफदेही वक्ताको रुपमा रहनुभएको थियो। सहभागिले शिक्षा, स्वास्थ्य लगाएत विकास निर्माण संगै पालिकाले प्रवाह गरेको सेवा सम्बन्धी विभिन्न

सवाल राखेका थिए । भने सम्बन्धीत ब्यक्ती तथा जवाफदेही वक्ताले उक्त प्रश्नको जवाफ दिनुभएको थियो र कार्यक्रममा सहभागीको समस्यालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ कपिलवस्तुले गाँउपालिकामा गएर सेवाग्राहीसंग सेवाको सन्तुष्टी, असन्तुटी समेटेर तयार पारिएको नागरिक तथ बर्हिरगमन प्रतिबेदन प्रस्तुत गरिएको थियो ।

नेपाल पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष डिलाराम भुसालको अध्यक्षता, उपाध्यक्ष दिपा महतको स्वागत मन्तब्य तथा सचिव सनिउल्ला धोबीको संचालनमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष दिपा महतले नागरिक तथा सदस्य रामप्रकट कोरीले बर्हिगमन प्रतिदन प्रस्तुत गर्नुभएको थियो ।

## **छलफल तथा अन्तरकिया सत्र**

## **कार्यकमका सहभागीहरूको सुझाव र सल्लाहहरु**

### **१. लालु चौधरी, स्थानीय**

विजयनगर गाँउपालिकाको वडा नम्बर ७ मा खानेपानी ट्यांकी संचालनमा कहिले आउने हो ? उत्तर भागमा सडक पिच हुँदा दक्षिणमा किन कम मात्रामा भएको छ ?

### **२. गौतम यादव, स्थानीय**

विजयनगर गाँउपालिका ६ मा अवस्थित बड्का ताल पालिकाले २५ लाखमा ठेक्का लगाएको भएपनि तालबाट कृषकले सिंचाई गर्दा प्रतिघण्टा रु १ सयका दरले रकम तिर्नुपरेको छ । यस तर्फ पालिकाको ध्यानाकर्षण गराउन चाहान्छु । कृषि समुहमा मोटर वितरण गर्दा उपभोक्ताले नै वितरण गरेकोमा गाँउपालिकाको ध्यान जानु आवश्यक छ ।

### **३. निशा सिग्देल, स्थानीय**

अभिभावक शिक्षा भएमा शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन सकिने आमालाई रात्रीकालिन शिक्षा दिन सकेमा थप प्रभावकारी हुने ।

### **४.गुरु प्रसाद पासी**

विजयनगर गाँउपालिकाको ठाकुरापुर खोलाको कटान भएकाले यसको ब्यवस्थापनको लागि पालिकाले पहल गर्नुपर्ने ।

### **५. स्वस्तीका पन्थ**

विजयनगर गाँउपालिकाले शिक्षा, स्वास्थ्य जस्तो आधारभूत कुरालाई विशेष प्राथामिकता दिँदै प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्नुपर्ने ।

### **६. गोमा कुमारी शर्मा**

विजयनगर गाउँपालिकामा तरकारी संकलन केन्द्र भएमा कृषकलाई सहज हुने भन्दै कृषि संकलन केन्द्र संचालनको लागि पालिकालाई आग्रह ।

## विजयनगर गाँउपालिका अध्यक्ष तथा सरोकारवालाको भनाई

### गोपाल थापा मगर, गाँउपालिका अध्यक्ष विजयनगर गाँउपालिका

गाँउपालिकाको विकासमा सबैको साथ, सहकार्य समन्वय रहेमा सफलता प्राप्त हुनेछ । पालिकामा रहेका सबै धर्म, भाषाजातजाती तथा संस्कृतिको संरक्षण गर्नु आफ्नो दायित्व रहेको भन्दै सबैको सल्लाह तथा सुझावलाई अनुसरण गर्दै काम गर्ने प्रतिबद्धता जनाउनुभयो । सिमित बजेटका कारण सबैको मागहरु पुरा गर्न नसकेपनि प्राथामिकताका आधारमा मागहरुको यथोचित रुपमा सम्बोधन गर्दै जाने बताउनुभयो ।

विजयनगरले यस वर्ष अथक प्रयास पछि धेरै विद्यालयमा बजेट ल्याउन सफल भएपनि अहिले ११ वटा विद्यालय र ५ वटा सडकको बजेट रोकिएको छ । ठाकुरापुर नदीको तटबन्ध गर्ने गरि तयारी थालिएपनि बजेट रोकिदा काम सुरु गर्न सकेका छैनौ । तर पनि पालिकाले यसैवर्ष प्राथामिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाउदछु । जिल्लामै विजयनगरले ५० प्रतिशतमा नागरिकको स्वास्थ्य बिमा गरेको छ । शिक्षाको गुणस्तर सुधारका लागि गाँउपालिका, शिक्षकसंगै अभिभावक तथा समुदायको भूमिका महत्वपूर्ण रहन्छ ।

पालिकाले एक घर एक एक फिल्टरको अभियान थालनी गरेको छ । यसबाट यहाका नागरिकले स्वच्छ पिउने पानी प्राप्त गर्नेछन् । एक घर एक फिल्टरको योजनालाई गाँउपालिकाका सबै बस्तीमा विस्तारगर्नेगरी आगामी योजना बनाउनेछौ । शिक्षालाई प्राथामिकता दिदै आएका छौ यसलाई आगामी वर्षपनि निरन्तर रुपमा लैजाने छौ । पालिकाको सम्मुन्नत र विकासका लागि सबैको साथ सहयोग भएमा मात्र सम्भव रहने हुँदा सबैको साथ सहयोग तथा सहकार्य गर्दै अगाडी बढने छौ ।

### हिमलाल विश्वकर्माः प्रमुख प्रसासकीय अधिकृत, विजयनगर गाँउपालिका

सार्वजनिक सुनुवाईमा आएका विभिन्न गुनासा, सल्लाह सुझावलाई सम्बोधन गर्नेगरी काम गर्न प्रयत्नरत रहनेछौ । पालिकालाई पारदर्शी तथा जवाफदेही बनाउन प्रतिबद्ध छौ ।

### प्रेम बहादुर कलवारः वडा अध्यक्ष

वडा नम्बर ६ मा रहेको शंकरापुर ताल इन्द्रेणी संस्थाको सहयोगमा संचालन गरिएको हो जुन घुम्तीकोषमा संचालन भएको छ । २५ लाख रुपैया घुम्तीकोषमा भएकाले

स्थानीयबाट रकम उठाइएको हो । डिप बोरिङ जडान भएकाले अब संचालनमा ल्याइने र यसबाट स्थानीय कृषक लाभान्वित हुने छन् ।

**टेक बहादुर सुनार, कार्यपालिका सदस्य**

विजयनगर गाँउपालिकाले ८ वर्षमा धेरै विकास निर्माणका कामहरु सम्पन्न गरेको छ । पालिकाका विभिन्न ठाँउमा सिंचाईका विभिन्न योजनाहरु संचालनमा रहेका छन् । पालिकाकै गौरव शंकरापुर तालपनि संचालनको अवस्थामा रहेको छ भने सुकुम्बासी समस्या समाधानका लागि गाँउपालिकाबाट विशेष पहल भएको छ ।

**हरिहर बेल्वासेः शिक्षा अधिकृत, विजयनगर गाँउपालिका**

प्राप्त सुझाव अनुसार रात्रीकालिन शिक्षाको सन्दर्भमा प्रधानध्यापकको बैठकमा छलफल गर्नेछौ, बुक कर्नरको लागिपनि समितीमा छलफल गरी समाधान खोज्नेछौ ।

**श्याम सुन्दर मालीः कृषि शाखा प्रमुख**

पालिकाले वितरण गरेको मोटर तथा अन्य कृषिका सामग्री कति कतै विक्री भएको प्रमाणसहित आएमा कारवाही प्रकृया अगाडी बढाउने छौ भने पालिकाबाट लगातार ३ वर्ष सामग्री पाएकोलाई वितरण गर्नेगरेका छैनौ ।

**डिलाराम भुसाल, अध्यक्ष नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा**

पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष डिलाराम भुसालले वडा तथा गाँउपालिकाबाट प्रवाह हुने सेवाहरू सहज रूपमा प्राप्त हुने वातावरण बनेकोमा खुशी व्यक्त गर्नुभयो । जनप्रतिनिधि, कर्मचारी र नगरवासीको साझा प्रयासबाट मात्र विजयनगरलाई नमुना बनाउन सकिने उहाँले उल्लेख गर्नुभयो ।

**निष्कर्ष**

यस गाँउपालिकामा आयोजना गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीय बासिन्दा, सरोकारवाला संस्था तथा नागरिक समाजको सक्रिय सहभागिता प्राप्त भयो । कार्यक्रमको उद्देश्य नगरपालिका भित्र चलिरहेका विभिन्न सेवा, योजना तथा परियोजनासम्बन्धी सुझाव, गुनासा र अनुभव संकलन गर्नु थियो । सुनुवाइमा सहभागीहरूले स्वास्थ्य, शिक्षा, यातायात, सरसफाइ, पानिपूर्ति, विद्युत सेवा तथा पूर्वाधार निर्माणसम्बन्धी विभिन्न समस्या र सुधारका सुझावहरू प्रस्तुत गरे । यस क्रममा, गाँउपालिका कार्यालयका प्रतिनिधिहरूले प्रत्यक्ष जवाफ दिँदै उठेका समस्याको शीघ्र समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमले नागरिक सहभागिता र पारदर्शिता बढाउन महत्वपूर्ण भूमिका खेलेको देखियो । केही क्षेत्रमा प्रक्रिया ढिलाइ, पूर्वाधारको कमी र जनशक्तिको अभाव जस्ता चुनौतीहरू देखिए पनि,

सुनुवाइबाट प्राप्त सुझाव र गुनासाहरूको आधारमा आगामी नीति, योजना र सेवा सुधारका लागि स्पष्ट दिशानिर्देश तयार गर्न सकिने अवस्था देखियो ।

**कार्यक्रमका तस्बीरहरु:**







सार्वजनिक सुनुवाई
प्रथम चौमासिक
AMBAY
PRODUCT


सार्वजनिक सुनुवाई
प्रथम चौमासिक, आ.व. २०८२/८३
मिति: २०८२ पौष १७ गते
स्थान: विजयनगर गाउँपालिका-६, खडैचा, कपिलवस्तु
समन्वय
विजयनगर गाउँपालिका




विजयनगर गाउँपालिकाका
सार्वजनिक सुनुवाई कार्यक्रम
प्रथम चौमासिक, आ.व. २०८२/८३
मितिः २०८२ पौष १७ गते
स्थानः विजयनगर गाउँपालिका-६, खडैचा, कपिलवस्तु
समन्वय
आयोजक
विजयनगर गाउँपालिका








विजयनगर गाउँपालि
सार्वजनिक सुनुवाई
AMBAY

